# बाल पोषण भत्ता प्राप्त गर्नको लागि

# प्रक्रियागत चरणहरु



## लाभग्राही

- ५ वर्ष मुनिका देशैभरका दलित बालबालिका
- हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट, बझाङ, अछाम, रौतहट, महोत्तरी, सर्लाही, डोटी, बाजुरा, सिरहा, रसुवा, धनुषा, सप्तरी, बारा, दैलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा, बैतडी र जाजरकोट जिल्लाका ५ वर्ष मुनिका बालबालिका




### ०१. जन्मदर्ता गर्ने

**जन्मदर्ताको लागि आवश्यक कागजातहरू:**

- जन्मको सूचना फारम
- बाबु वा आमाको नागरिकताको प्रतिलिपि
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रतिवेदन
- घरमा जन्म भएको भए पछिल्लो खोप दिएको प्रमाण (अस्पताल वा खोपको प्रमाण नभएमा जन्मदर्ता गर्नुपर्ने व्यक्ति स्वयं उपस्थित हुनुपर्ने वा सम्बन्धित वडाबाट जन्मदर्ता गर्नुपर्ने व्यक्तिको प्रमाणित गरेको कागज हुनुपर्ने)

*३५ दिनभित्र जन्मदर्ता गराएमा कुनैपनि शुल्क लाग्दैन*

### ०२. भत्ताको लागि नाम दर्ता गर्ने

**संलग्न गर्नुपर्ने कागजातहरू:**

- सामाजिक सुरक्षा भत्ता नाम दर्ताको लागि तोकिएको फारम
- २ प्रति पासपोर्ट साइजको फोटो
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा वा बुवा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण







### ०३. तोकिएको बैंकमा खाता खोल्ने

**नयाँ खाता खोल्नको लागि आवश्यक कागजातहरू:**

- दर्खास्त फारम
- अभिभावकको २ प्रति फोटो
- नयाँ खाताको लागि निवेदन दिने
- नागरिकताको प्रतिलिपि

अथवा शून्य मौज्दातमा अनलाइनमा नि:शुल्क खाता खोल्ने

### ०४. भत्ता लिने

**भत्ता लिने समय: प्रति महिना रू.५३२ का दरले**

- पहिलो त्रैमासिक असोज महिना
- दोश्रो त्रैमासिक पुस महिना
- तेश्रो त्रैमासिक चैत महिना
- चौथो त्रैमासिक असार महिना







### ०५. नवीकरण गर्ने

**नवीकरण गर्ने**

- दर्खास्त फारम भर्ने
- अभिभावकको २ प्रति फोटो
- नयाँ खाताको लागि निवेदन दिने
- नागरिकताको प्रतिलिपि

*(साउन १ गतेदेखि कार्तिक मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने)*




### गुनासो भएमा

| गुनासो कहाँ गर्ने | गुनासो दर्ता भएको मितिबाट उत्तर पाउने समय |
|---|---|
| सम्बन्धित वडा कार्यालयमा | २ दिन भित्र |
| सुनुवाई नभएमा | |
| सम्बन्धित पालिका | ५ दिन भित्र |
| सुनुवाई नभएमा | |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ७ दिन भित्र |

*- बाल पोषण भत्ता बालबालिकाको पोषण तथा स्वास्थ्यमा मात्र खर्च गर्नुपर्नेछ। स्थानीय तहले भत्ताको सदुपयोगको सुनिश्चितता गर्नुपर्नेछ।*

With support from Finland's development cooperation
Save the Children
WSM We Social Movements
SPCSN सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
CWISH
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग